भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १०५, बैठक मितिः २०८२।०२।०५, विहान — ८ बजे)

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | १०४औं नगर कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा । | भरतपुर महानगरपलिका नगर कार्यपालिकाको मिति २०८१/०१/३१ गते बसेको १०४औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाईयो । |
| २. | विपद संवेदनशील स्थानको नदिजन्य पदार्थ उत्खननको लागि IEE स्विकृत सम्बन्धमा । | वडा नं. १७, मझुवा सामुदायीक बन अन्तर्गत नारायणी नदीको बगर क्षेत्रमा गत वर्षादमा खेतियोग्य जमिन कटान तथा भौतिक संरचनाहरुमा बाढीले क्षति पुऱ्याएको हुँदा सोको रोकथाम को लागि उक्त क्षेत्रवाट दिगो तथा वातारणमैत्री तवरबाट नदिजन्य पदार्थ उत्खनन, संकलन तथा व्यवस्थापन कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन २०८२ स्विकृत गर्ने र उल्लिखित परिमाणमा नदिजन्य पदार्थ उत्खनन तथा विक्रि वितरणका लागि खरिद प्रक्रिया अघी बढाउने ।<br><br>तपसिल |

| क्र. सं. | नदि जन्य पदार्थ उत्खनन् क्षेत्र | परिमाण (घ.मी.) | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १७, मझुवा सामुदायीक बन अन्तर्गत नारायणी नदिको बगर क्षेत्र | ८१,०००।- | |

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १०५, बैठक मितिः २०८२।०२।०५, विहान — ८ बजे)

| | | |
|---|---|---|
| ३. | **MTMP** परिमार्जनको लागि कार्यदल गठन सम्बन्धमा । | भरतपुर महानगरपालिकाको नगर यातायात गुरूयोजना (MTMP) मा देखिएका प्राविधिक कमि-कमजोरीहरु परिमार्जन गर्ने प्रयोजनको लागि १५ दिन भित्र सुझाव पेश गर्न तपसिल अनुसारको कार्यदल गठन गर्ने ।<br>तपसिल<br>संयोजक — श्री लेख राज पन्त, अध्यक्ष, वडा नं. १२<br>सदस्य — श्री राजेन्द्र मणी काफ्ले, अध्यक्ष, वडा नं. ०७<br>सदस्य — श्री राजेन्द्र साँखी, अध्यक्ष, वडा नं. १४<br>सदस्य — श्री ललित मान तामाङ, अध्यक्ष, वडा नं. १७<br>सदस्य — श्री विष्णु बहादुर भुजेल, कार्यपालिका सदस्य<br>सदस्य — श्री सन्तोस आचार्य, शहरी पूर्वाधार विकास महाशाखा प्रमुख<br>सदस्य सचिव — श्री ई. अस्मिता खनाल, अधिकृतस्तर सातौं |
| ४. | विविध । | |
| क. | पूर्ण खोप सुनिश्चितता घोषणा सम्बन्धमा । | आ.व. २०८१।८२ मा भरतपुर महानगरपालिकाका १६ देखि ५९ महिनासम्मका सबै बालबालिकाहरुले जन्म देखि १५ महिनासम्म प्राप्त गर्नुपर्ने सबै नियमित खोप प्राप्त गरेको वडास्तरबाट प्रमाणित गरिएको एवं द्रुत शुलभ सर्वेक्षणबाट समेत सबै वडाहरु पूर्ण खोप सुनिश्चित रहेको सत्यापन भएकोले महानगरलाई पूर्ण खोप सुनिश्चितता भएको घोषणा/दिगोपना प्रमाणिकरण गर्नका लागि जिल्ला खोप समन्वय समिति चितवनमा सिफारिस गर्ने साथै आगामी बर्षहरुमा समेत पूर्णखोप सुनिश्चितताका लागि भरतपुर महानगरपालिकामा पूर्ण खोप दिगोपना सुनिश्चितताको लागि सुक्ष्मयोजना पारित गर्दै कार्यान्वयनमा लैजाने निर्णय भयो । |